**मानवअधिकार एलाइन्स** **HUMANRIGHTS ALLIANCE**
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
National Alliance for Human Rights and Social Justice, Nepal

# चौरजहारी नगरपालिका वडा नं. ८ सोतीमा भएको घटनाको निष्पक्ष छानवीन गरी दोषीमाथी कडा कारवाही गरियोस् ।

## प्रेस विज्ञप्ति

२०७६साल जेष्ठ १० गते, शनिवारका दिन रुकुम जिल्लाको चौरजहारी नगरपालिका ८, सोतीमा जाजरकोटको भेरी नगरपालिका वडा नं. ४ रानागाउँका नवराज विक, चौरजहारी नगरपालिका १ का टीकाराम सुनार र भेरी नगरपालिका ४ गणेश बुढाको मृत्युभएको घटनाप्रति मानवअधिकार एलाइन्सको गम्भिर ध्यानाकर्षण भएको छ ।

घटना विवरण अनुसार नवराज विक मल्ल थरकी १७ वर्षीय युवतीलाई विवाह गर्न चाहन्थे र साथीहरु सहित उक्त युवतीलाई लिन गएका थिए । गाउँलेहरुले नवराज विक र उनका साथीहरुलाई कुटपीट गरी लखेटे । कुटपिट पश्चात लखेटिने क्रममा रहेका केहि युवाहरुको शव भेरी नदीमा भेटियो, भेरी नगरपालिकाका चारजना युवाहरु अझै वेपत्ता रहिरहेका छन् । प्रहरीले घटनामा संलग्न भएकाहरुलाई गिरफ्तार गरेको छ ।

मुलुकमा अझै पनि जातीय विभेद, हिंसा र सामूहिक भिडन्त जस्ता घटनाहरु भइरहनुले मुलुकलाई नै तरंगित बनाएको छ । यस शताब्दीमा यस्ता अमानवीय र क्रुर प्रकृतिका घटनाहरु हुनुभनेको मानवअधिकार विरोधी र लज्जा समेतको विषय हो । मानवअधिकार एलाइन्स यस प्रकारका घटनाहरु प्रति खेद प्रकट गर्दै निम्न अनुसारका कदमहरु चाल्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

१ चौरजहारी घटनाको निष्पक्ष छानवीन गरी दोषीहरुलाई कानुनी दायरामा ल्याई हदै सम्मको कारवाही गरियोस् ।

२ घटनामा मृत्युभएका परिवारका लागि उचित क्षतिपूर्तिको व्यवस्था गरियोस् ।

३ वेपत्ताहरुको तत्काल खोजी गरियोस् र घटनामा घाइते भएकाहरुको उचित उपचारको व्यवस्था गरियोस् ।

४ मुलुकमा यस प्रकारका घटनाहरु दोहोरिन नदिन हदै सम्मका उपायहरुको अवलम्बन गरियोस् ।

५ मुलुक लकडाउनको परिस्थितिमा गुज्रीरहेको हुँदा यो अवधिमा हुन सक्ने जुनसुकै प्रकृतिका घटनाहरु हुन नदिन र भएका घटनाहरुको उजुरी र उपचार गर्ने उपयुक्त प्रवन्ध गरियोस् ।

**जेष्ठ १३ गते, २०७६**

डा. पद्मप्रसाद खतिवडा
महासचिव

**Contact Office: Sanepa, Lalitpur, Phone + 977-1- 5548040**
**Post Box No – 9993 G.P.O. Kathmandu,Nepal, Email: alliance.humanrights@gmail.com.np**